नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २४३ २०८१ साल बैशाख २१ गते शुक्रबार (3 May 2024 Friday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : प्रविधिबाट प्रभावित बन्दै... ३ पृष्ठमा : सूचना प्रविधि क्षेत्रका... ३ पृष्ठमा : विपक्षी गठबन्धन र पाकिस्तानका ...

## प्रदेश सरकारले अग्निपीडितका लागि आवास बनाइदिने : मुख्यमन्त्री यादव



**दैनिक समाचारदाता**
**राजविराज, २० बैशाख ।**

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले महादेवा अग्निपीडितहरुका लागि प्रदेश सरकारले आवास बनाइदिने घोषणा गरेका छन् ।

बिहीबार अग्निपीडितहरुको अवस्था बुझ्न घटनास्थलको निरिक्षण गर्ने क्रममा उनले यस्तो घोषणा गरेका हुन् । घटनास्थल निरिक्षणको क्रममा अग्निपीडितहरूले मुख्यमन्त्री समक्ष आफ्नो दुखेसो पोखेका थिए ।

सप्तरीको महादेवा गाउँपालिका वडा नं. १ चिम्टीमा मंगलबार भएको भिषण आगलागिमा सर्वस्व गुमाएका अग्निपीडितहरुको अवस्था बुझ्न उनी घटनास्थलमै पुगेर पीडितहरुको अवस्थाबारे समेत जानकारी लिएका हुन् ।

मंगलबार चिम्टीमा भएको आगलागीमा परेर ४७ बढी परिवारको सर्वस्व गुमेको छ । निरिक्षणको क्रममा बन तथा वातावरण मन्त्री भरत साह, प्रदेश सभा सदस्य मनिष सुमन, किरण साह, माला कर्ण, मधेश सरकारका पुर्व अर्थमन्त्री शैलेन्द्र प्रसाद साह सहितको उपस्थिति रहेको थियो । बिहिबार दिउँसो काठमाडौंबाट राजविराज विमानस्थल पुगेका मुख्यमन्त्री घटनास्थल पुगेका थिए ।

## जनमत पार्टीद्वारा अग्निपीडितलाई राहत प्रदान




**दैनिक समाचारदाता**
**राजविराज, २० बैशाख ।**

जनमत पार्टीका अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य डा. सीके राउत बिहीबार महादेवा अग्निपीडितहरुलाई राहत प्रदान गरेका छन् ।

डा. राउतको संसदीय क्षेत्र समेत रहेको सप्तरी क्षेत्र नं. २ अन्तरगत महादेवा अग्निपीडितहरुलाई कपडा, खाद्यान्न लगायतका सामाग्रिहरु प्रदान गरिएको जनमत पार्टीका सप्तरी इन्चार्ज रामगमन साहले जानकारी दिएका छन् ।

राहत सामाग्रिहरुमा पुरुषका लागि लुंगि, महिलाका लागि साडी, बालबालिका लागि कपडा तथा खाद्यान्नमा मुरही, च्युरा, दाल, तेल लगायत छन् ।

सो क्रममा डा. राउतले अग्निपीडितहरुका लागि आवास निर्माणका लागि तीनै तहका सरकारसँग समन्वय गर्ने जानकारी समेत दिएको इन्चार्ज साहले बताए ।

राहत बितरणमा प्रदेशसभा सदस्यद्वय महेश प्रसाद यादव, सतिशकुमार सिंह, पार्टीका केन्द्रिय प्रवक्ता डा. शरदसिंह यादव, जिल्ला इन्चार्ज रामगमन साह, सिरहा इन्चार्ज लगायतको पनि उपस्थिति रहेको थियो ।

## अग्निपीडितलाई निशुल्क खाना खुवाइदै कर परामर्श सेवा केन्द्रद्वारा खाद्यान्न उपलब्ध



**दैनिक समाचारदाता**
**राजविराज, २० बैशाख ।**

सप्तरीको महादेवा गाउँपालिका वडा नं. १ चिम्टीका अग्निपीडितहरुलाई विभिन्न संघ संस्थाले निशुल्क खाना खुवाउने व्यवस्था मिलाएका छन् ।

सप्तरी युथ नेपाल र नुर वेलफेयर सोसाइटी सप्तरीको संयुक्त आयोजना तथा स्वतन्त्र विद्यार्थी युनियन मविव क्याम्पस राजविराज, मिसन कलेज र पदमा एण्ड टुरिजम बथनाहाको सहकार्यमा उक्त खाना खुवाउने व्यवस्था मिलाइएको हो ।

"दैनिक भोजन सेवा कार्यक्रम" संचालन गरि खाना खुवाउने व्यवस्था मिलाइएको सप्तरी युथ नेपालका उपाध्यक्ष मोहन कुमार यादवले जानकारी दिएका छन् ।

सो कार्यक्रम अन्तरगत निरन्तर रुपमा बिहान र बेलुका निशुल्क खाना खुवाउने व्यवस्था मिलाइएको उनको भनाई छ ।

यसैबीच सोही स्थानमा जिल्ला प्रशासन कार्यालयद्वारा सहायत कक्ष समेत स्थापना गरिएको छ ।

यस्तै चिम्टी अग्निपीडितलाई कर परामर्श सेवा केन्द्र राजबिराज ३ ले खाद्यान्न उपलब्ध गरेको छ ।

परामर्श सेवा केन्द्रले अग्निपीडितका लागि एक सय किलो चामल, २५ किलो दाल, ५ लिटर खानेतेल, ५५ किलो विभिन्न तरकारीहरु, मसाला, ५० किलो तरभुजा, ४० किलो दही र २० कार्टुन पानी उपलब्ध गराएको छ ।

## मोटरसाइकल र ठूलो मात्रामा लागुऔषधसहित पाँच जना पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, २० बैशाख ।**


सप्तरी प्रहरीले मोटरसाइकल र ठूलो मात्रामा लागुऔषधसहित पाँच जनालाई पक्राउ गरेको छ ।

राजबिराज ४ छिन्नमस्ता अस्पताल अगाडीबाट लागु औषध नियन्त्रण व्यूरो मधेश प्रदेश तथा जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको विशेष टोलीले सुराकीको आधारमा लागुऔषधसहित उनीहरुलाई पक्राउ गरको हो ।

पक्राउ पर्नेहरुमा जिल्लाको हनुमाननगर कंकालिनि १४ बस्ने ३५ वर्षका बिनोद कुमार यादव, तिलाठी कोईलाडी २ लौनिया बस्ने २६ वर्षका मो. नसुरुदि मन्सुरी, १९ वर्षका कुन्दन कुमार मण्डल, २५ वर्षका मो. सम्साद मन्सुरी र २२ वर्षका मिथलेश

***बाँकी अन्तिम पृष्ठमा***

## पत्रकार महासंघका सल्लाहकार पोखरेललाई मातृशोक



**दैनिक समाचारदाता**
**राजविराज, २० बैशाख ।**

नेपाल पत्रकार महासंघ सप्तरी शाखाका सल्लाहकार मनोहर पोखरेललाई मातृशोक परेको छ ।

सल्लाहकार पोखरेलको आमा मेनका देवी पोखरेलको बुधबार राति राजविराजस्थित आफ्नै निवासमा ८२ बर्षको उमेरमा निधन भएको हो ।

दम्भ, रक्तचाप तथा मधुमेह रोगबाट पीडित पोखरेलको बुधबार राती ८ बजे राजविराज नगरपालिका ५ स्थित आफ्नै निवासमा निधन भएको परिवारजनले जनाएको छ ।

अन्नपूर्ण पोष्ट दैनिक सप्तरी प्रतिनिधि समेत रहेका सल्लाहकार पोखरेलको आमा पोखरेलको हिन्दु परम्परा अनुसार बिहीबार सप्तकोशी नदीमा अन्त्यष्टी गरिएको छ ।

यसैबीच बिहीबार नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव, सचिव रामनारायण विश्वास, कोषाध्यक्ष नवीनकुमार गुप्ता, केन्द्रिय परिषद् सभासद् मनोजकुमार माझी, प्रेस युनियनका सचिव रमानन्द देव, पूर्वअध्यक्ष ओमप्रकाश साह लगायतले पत्रकार पोखरेलको घरमा पुगि श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारप्रति समवेदना प्रकट गरेका थिए ।

**लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुला अङ्गमा लामखुट्टेले नटोकोस भनी सचेत रहने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुला नराख्ने,
- पोखरी, दह तथा नालामा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड

